# यूहन्नाको तेस्रो पत्र

1 प्रिय एल्डर गायसलाई, जसलाई म सत्यतामा प्रेम गर्छु ।
2 प्रिय, म प्रार्थना गर्छु, कि जसरी तिम्रो प्राणको उन्नति हुन्छ त्यसरी नै तिमीले
सबै कुराहरूमा उन्नति गर र स्वस्थ्य होओ ।
3 किनकी जसरी तिमी सत्यमा हिँड्छौ त्यस्तै जब भाइहरू आएर तिम्रो
सत्यताप्रति गवाही दिए म अति आनन्दित भएँ ।
4 योभन्दा अर्थात् मेरा छोराछोरीहरू सत्यतामा हिँड्छन् भनी सुन्नुभन्दा अरू
कुनै ठूलो आनन्द मसँग हुँदैन ।
5 प्रिय, भाइहरू र परदेशीहरूको निम्ति काम गर्दा तिमी विश्वासयोग्यताको
अभ्यास गर्छौ,
6 जसले मण्डलीको सामु तिम्रो प्रेमको गवाही दिन्छन् । तिमीहरूले तिनीहरूलाई
तिनीहरूका यात्रामा परमेश्वरको योग्य हुने तरिकाले पठाउन असल गर्छौ,
7 किनकि अन्यजातिहरूबाट केही नलिइ नाउँको खातिर तिनीहरू गए ।
8 त्यसकारण यस्ताहरूलाई हामीले स्वागत गर्नुपर्छ, ताकि हामी सत्यताको लागि
सहकर्मीहरू बन्न सकौं ।
9 मैले मण्डलीको निम्ति केही लेखें, तर डियोत्रिफस जसले तिनीहरूमा पहिलो
हुन रूचाउछन् तिनले हामीलाई स्वीकार गर्दैन ।
10 यसकारण यदि म आएँ भने त्यसले गर्ने कामहरू अर्थात् त्यसले
कुवाक्यहरूसहित हाम्रो विरुद्ध कसरी हाँस्यास्पद कुराहरू भन्छ म सम्झनेछु । यी
कुराहरूले मात्र सन्तुष्ट नभएर, त्यो आफैंले भाइहरूलाई स्वीकार गर्दैन । यसो गर्न
इच्छा गर्नेहरूलाई पनि त्यसले निषेध गर्छ र तिनीहरूलाई मण्डलीबाट निकाली
दिन्छ ।
11 प्रिय, जे खराब छ त्यसको अनुकरण नगर, तर जे असल छ त्यसको अनुरण
गर । जसले असल गर्दछ त्यो परमेश्वरको हो; जसले दुष्ट कर्म गर्छ त्यसले
परमेश्वरलाई देखेको छैन ।
12 डेमेत्रियसको बारेमा सबैद्वारा र सत्यता आफैंद्वारा पनि गवाही दिइन्छ । हामी
पनि गवाही दिन्छौं, र तिमी जान्दछौ, कि हाम्रो गवाही सत्य छ ।

13 मैले तिमीलाई लेख्नु धेरै कुराहरू छन्, तर मैले तिनीहरूलाई कागज र मसीले
लेख्ने इच्छा गर्दिनँ ।
14 तर तिमीलाई छिट्टै भेट्ने आशा गर्छु, र हामी आमने सामने कुरा गर्नेछौं ।
15 तिमीलाई शान्ति होस् । मित्रहरूले तिमीलाई अभिवादन गर्छन् । मित्रहरूलाई
नाउँद्वारा अभिवादन गर ।

# पवित्र बाइबल
# **The Holy Bible in the Nepali language, Unlocked Literal Bible translation.**

copyright © 2019 Door43 World Missions Community

Language: नेपाली (Nepali)

Translation by: Door43 World Missions Community

Contributor: Aliya Shrestha, Ananda Khadka, Deepak Raj Giri, Devendra Bhattarai, Dinesh Rai, Diwash Tamang, Hari Prasad Regmi, Hum Lamtari, Krishna B Bahora, Kumar Bardewa, Mohan Rai, Nabin Darmali, Prem Krishna Maharjan, Ramesh Basnet, Salome Bhatta, Samuel Mabohang, Shailendra Subba, Sharan Kumar Rai, Simon Magarati, Titak Basnet, Utter Kumar Rai, Yogendra Thapa, Amos Gajmer, Hari Prasad Regmi, Lok Bahadur Sunuwar, Mrs. Sareeta Giri, Pastor Ait Bahadur Tumbahangphe, Jesus Family Church, Pastor Bishnu Basnet, Anugraha Jyoti Church, Pastor Philip Subedi, Rev. Rajendra Malla, Rev. Shiva Hari Bhattarai, National Churches Fellowship of Nepal, Rev. Sunder Bahadur Thapa

This translation is made available to you under the terms of the Creative Commons Attribution Share-Alike license 4.0.
You have permission to share and redistribute this Bible translation in any format and to make reasonable revisions and adaptations of this translation, provided that:

You include the above copyright and source information.

If you make any changes to the text, you must indicate that you did so in a way that makes it clear that the original licensor is not necessarily endorsing your changes.

If you redistribute this text, you must distribute your contributions under the same license as the original.

Pictures included with Scriptures and other documents on this site are licensed just for use with those Scriptures and documents. For other uses, please contact the respective copyright owners.
Note that in addition to the rules above, revising and adapting God's Word involves a great responsibility to be true to God's Word. See Revelation 22:18-19.

2020-06-10

PDF generated using Haiola and XeLaTeX on 18 Apr 2025 from source files dated 31 Aug 2023
f5ef3ec6-22be-58b2-a7e8-51ed3f6ae8c8